प्रति साधारण शेयर रु.१००/- अंकित
दरको २९,५४,३८९ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

सगरमाथा फाइनान्स लिमिटेड
Sagarmatha Finance Limited

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था

रजिष्टर्ड तथा केन्द्रीय कार्यालय : बाग्मती अञ्चल, ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका-२०, मानभवन, ललितपुर
पो.ब.नं ८९७५, इ.पि.सि. २७९०, नेपाल, फोन नं. : ५५४७८४१, ५५३५१५८ फ्याक्स नं. ५५३५४१९
E-mail: info@smb.com.np, Website : www.smb.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मितिः २०७३/९/११ गते

निष्काशन बन्द हुने मितिः २०७३/१०/१७ गते
(बैकिंग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ ८ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.३६,९२,९८,६३७/- को दश शेयर बराबर आठ शेयर (१० : ८) को अनुपातमा रु.१००/- अंकित दरका २९,५४,३८९ कित्ता हकप्रद साधारण शेयर मिति २०७३/८/२३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :

सगरमाथा फाइनान्स लिमिटेड (Sagarmatha Finance Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.२०, मानभवनमा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.२०, मानभवनमा रहेकोछ । यसको अलावा वित्तीय संस्थाले विर्तामोडको भद्रपुररोड, दमकको महेन्द्र राजमार्ग, धरानको भानुचोक, इटहरीको धरानरोड, विराटनगरको महेन्द्रचोक, सल्लेरीको सल्लेरीबजार, ललितपुरको गाबहाल, ओखलढुङ्गाको ओखलढुङ्गा बजार, भोजपुरको भोजपुर बजार र खोटाङ्गको दिक्तेल बजार स्थित आफ्नो शाखा कार्यालयहरु स्थापना गरी वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

सगरमाथा फाइनान्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५७/१/१६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६२/५/५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६२/५/१३ गते देखि वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, संयुक्त राष्ट्र संघ, अन्तराष्ट्रिय गैर सरकारी संस्था, बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । कम्पनीको प्रबन्धपत्रको तथा नियमावलीमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (वित्तीय ब्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

५. शेयर पूँजीको संरचना :

(क) अधिकृत पूँजी : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : यस वित्तीय संस्थाको जारी पूँजी रु.६६,४७,३७,६००/- (अक्षरेपी छैसाठी करोड सत्चालिस लाख सैंतिस हजार छ सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ६६,४७,३७६ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.३६,९२,९८,६३७/- (अक्षरेपी छत्तीस करोड बयान्नब्बे लाख अन्ठान्नब्बे हजार छ सय सैतीस) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ३६,९२,९८६.३७ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण पत्र मार्फत हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६६,४७,३७,५३७/- (अक्षरेपी छैसाठी करोड सत्चालिस लाख सैंतीस हजार पाँच सय सैंतीस) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	३४,९३,३३८.३६	५२.५५%	३४,९३,३३,८३६/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	३१,५४,०३७.०१	४७.४५%	३१,५४,०३,७०१/-	शतप्रतिशत
	जम्मा	६६,४७,३७५.३७	१००%	६६,४७,३७,५३७/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वितीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	ब्यवसायमा अनुभव
१.	श्री मदन कुमार राई सुनाकोठी गा.वि.स.-९, ललितपुर (संस्थापक समूह)	अध्यक्ष	६७	नेपाली	८३१८९	एम.एस.सि/एम.ए.	संयुक्त राष्ट्र संघमा ११ वर्षको अनुभव, साथै कृषि र समाज सेवामा ३० वर्ष भन्दा लामो अनुभव ।
२.	श्री शरणदेव राई का.म.न.पा.-३४ (संस्थापक समूह)	संचालक	५२	नेपाली	२५९९६	वि.कम.	नेपाल वायुसेवा निगममा २३ वर्षको अनुभव ।
३.	श्री रुद्र बहादुर राई का.म.न.पा.-२९ (संस्थापक समूह)	संचालक	४७	नेपाली	२४२२४	वि. ए.	कार्गो तथा कुरियर व्यवसायमा २२ वर्षको अनुभव ।
४.	श्री मणि राजकर्णिकार महापाल-१८, ललितपुर (संस्थापक साधारण समूह)	संस्थापक	५०	नेपाली	१५९९३	एस.एल.सी.	क्याटरिङ व्यवसायमा १५ वर्षको अनुभव ।
५.	श्री दिनेश राई पथरी-१, मोरङ (सर्वसाधारण समूह)	संचालक	३९	नेपाली	९०२	पि.जि.वि.एम. (लन्डन) एम.बि.एस.	प्राध्यापन एवं व्यवस्थापकिय क्षेत्रमा ६ वर्षको अनुभव ।
६.	श्री माओ राई किरात का.म.न.पा.-७ (सर्वसाधारण समूह)	संचालक	५४	नेपाली	४४१८	एस.एल.सी.	बीमा व्यवसायमा नेपाल मेट लाईफको एजेन्सी । म्यानेजर सहित १७ वर्षको अनुभव ।
७.	श्रीमती नानी बाबा रिसाल बखुण्डोल १, ललितपुर ।	ब्यवसायिक संचालक	७२	नेपाली	–	एम.ए. (अर्थशास्त्र)	नेपाल राष्ट्र बैकमा ३३ बर्षको अनुभव, विशिष्ट श्रेणीबाट सेवा निवृत्त ।

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको पदमा ल.पु.उ.म.न.पा.वडा नं.४ निवासी श्री मन बहादुर राई यस संस्थामा विगत १२ वर्ष देखि कार्यरत हुनुहुन्छ । बैकिङ्गमा एम.बि.ए. गर्नु भएका नीजले यस अघि गृहिणी डिपार्टमेन्टल स्टोर लिमिटेडमा ३ वर्ष, नेटेक्स प्रा.लि. (टेक्सटाइल उद्योग) मा ४ वर्ष, एस.डि.बि. ब्रिक एण्ड टायल इण्डष्ट्रिज प्रा.लि. मा ३ वर्ष, वि.पि.एफ.यू.एम.एन. (कृषि वन आयोजना) मा १ वर्ष, तारागाँउ विकास समिति (नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्था) मा ५ वर्ष र लक्ष्मी मानन्धर टेक्सटाइलमा २ वर्षको कार्य अनुभव हासिल गर्नु भएको छ ।

८. संचालक समितिको बनौट :

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	७ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ३६,९२,९८६.३७ कित्ताको दश शेयर बराबर आठ सेयर (१०:८) को अनुपातमा (अर्थात् हाल कायम १० कित्ता साधारण शेयर बराबर नयाँ ८ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/- का दरले जम्मा २९,५४,३८९ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति अर्थात २०७३/८/२३ गतेसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर आठ शेयर (१० : ८) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो नजिकको शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. सेयर पूँजी	१६५,०००	२५९,१२३	३६९,२९९	३६९,२९९	७७५,५२८	८६८,५९१	८६८,५९१
२. जगेडा तथा कोषहरु	२९,१७९	३२,७८४	८०,७०४	२७४,७३७	१६९,४४२	२७२,८६३	४७५,३४४
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	१,५७७,७२०	१,७९७,५३४	२,४७७,७४२	३,१०२,१८३	५,०००,०००	५,९३१,९३३	७,०४३,४४७
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	३६६	७९४	६९३	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	३,६७५	-	-	-	-	-
८. आयकर दायित्व	-	२,५३५	-	-	-	-	-
९. अन्य दायित्व	३६,५९०	२८,४२७	१००,११३	८५,०६१	१२७,५९२	१४०,३५१	१५४,३८६
कुल पूँजी तथा दायित्व	१,८०८,४८९	२१,२४,४४४	३,०२८,६५१	३,८३१,९७३	६,०७२,५६१	७,२१३,७३८	८,५४१,७६८

सम्पत्ति	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. नगद मौज्दात	१८,७२८	२२,०४५	२३,००६	१९,९३४	२६,६७९	२२२,३७८	४८९,४०३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४०,४६८	४२,८२७	८०,७८२	१२३,३८२	२२५,०००	३२६,२५०	३५८,८७५
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	१५,१५५	१९,७१५	३३,३७३	४४,५६६	६२,३९२	७४,८७१	८९,८४५
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३४०,२०३	४१२,८९०	५५८,६८०	५७६,३४२	८०६,८७८	१,१२९,६३०	१,५८१,४८२
५. लगानी	११४,११७	१३४,४८३	२४९,५७८	३८२,७४२	३६०,८३१	४१०,४२१	४६७,६७९
६. कर्जा सापट तथा बिल खरिद	१,१९६,७९९	१,४४०,४९९	१,९८६,०२६	२,४८४,०११	४,३४८,४९९	४,७८३,३४९	५,२६१,६८३
७. स्थिर सम्पत्ति	१७,६८३	१६,०९७	२०,९०६	२८,४८७	३१,३५९	३७,६३१	४१,३९४
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	६५,३३७	३५,८८८	७६,३००	१७२,५११	२१०,९२२	२२९,२०९	२५१,४०८
कुल सम्पत्ति	१,८०८,४८९	२१,२४,४४४	३,०२८,६५१	३,८३१,९७३	६,०७२,५६१	७,२१३,७३८	८,५४१,७६८

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. व्याज आम्दानी	२१०,८६५	२३८,६९१	२७६,७९९	३२४,५४२	५०८,२६९	७२९,६८१	८०२,६४९
२. व्याज खर्च	१५२,३९१	१४९,६८५	१५६,८४३	१८७,७३१	२६१,७२१	३८२,६१८	४५४,१३८
खुद ब्याज आम्दानी	५८,४७४	८९,००५	११९,९५७	१३६,८११	२४६,५४८	३४७,०६३	३४८,५१०
३. कमिशन तथा डिस्काउण्ट	२,३५५	३,५१९	१,१७२	१,६३६	३,२७१	४,२५३	५,१०३
४. अन्य संचालन आम्दानी	१५,०१५	१६,८०४	१८,९२५	२९,४३६	३०,७१८	३९,४९६	४६,८७०
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	७५,८४४	१०९,३२८	१४०,०५४	१६७,८८२	२८०,५३७	३९०,८१२	४००,४८३
६. कर्मचारी खर्च	१९,२६७	२२,२७२	२६,७४३	३५,४०४	४९,५६६	५७,००१	५९,८५१
७. अन्य संचालन खर्च	१७,१२७	१९,९२७	२२,८५२	३१,९६०	५२,४५४	६२,४४६	६३,५८३
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	
सम्भावित नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा	३९,४५०	६७,१२९	९०,४५९	१००,५१८	१७८,५१७	२७१,३६४	२७७,०४९
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	५१,०८२	८,८३०	१५,१५४	२,९३७	४२,१११	१५,३६२	१६,८९८
संचालन मुनाफा/(नोक्सान)	(११,६३३)	५८,२९९	७५,३०५	९७,५८१	१३६,३९७	२५६,००२	२६०,१५१
१०. गैर संचालन आम्दानी/(नोक्सान)	१८,९८७	३८,८२७	३,३०६	१०२,६५२	४१,०६१	४७,२२०	५१,९४२
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	३,९००	१७,९७४	४६,२९१	१७,५८१	५,२७४	५,५३८	६,०९२
नियमित कारोबारबाट भएको मुनाफा	११,२५४	११५,१०१	१२४,९०२	२१७,८१४	१८२,७३३	३०८,७६०	३१८,१८५
१२. असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	(४,९७१)	२,५०८	४,३०९	१	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	६,२८३	११७,६०८	१२९,२११	२१७,८१५	१८२,७३३	३०८,७६०	३१८,१८५
१३. कर्मचारी बोनस व्यवस्था	५७१	१०,६९२	११,७४६	१९,८६३	१६,६१२	२८,०६९	२८,९२६
१४. आयकर ब्यबस्था	२,६६५	३२,३६४	३४,६५०	५९,३८६	४९,८३६	८४,२०७	८६,७७८
यस वर्षको	२,९६९	३२,०५३	२५,०३१	५९,३८६	४९,८३६	८४,२०७	८६,७७८
गत वर्षको	९२	-	१,३१३	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(३९६)	३११	८,३०६	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	३,०४७	७४,५५३	८२,८१५	१३८,५६६	११६,२८४	१९६,४८४	२०२,४८१
सेयर संख्या (हजारमा)	१,६५०	१,८३९	३,१८८	३,६९३	७,७५५	८,६८६	८,६८६
प्रति सेयर आम्दानी (रु.)	१.८५	४०.५४	२५.९८	३७.५२	१४.९९	२२.६२	२३.३१

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चुक्ता पूँजी	१६५,०००	२५९,१२३	३६९,२९९	३६९,२९९	७७५,५२८	८६८,५९१	८६८,५९१
जगेडा तथा कोषहरु	२९,१७९	३२,७८४	८०,७०४	२७४,७३७	१६९,४४२	२७२,८६३	४७५,३४४
कुल	१९४,१७९	२९१,९०७	४५०००३	६४४,०३६	९४४,९७०	१,१४१,४५४	१,३४३,९३५
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	(१,७५६)	(८१२)	-	-	-	-
कुल नेटवर्थ	१९४,१७९	२९०,१५१	४४९,१९१	६४४,०३६	९४४,९७०	१,१४१,४५४	१,३४३,९३५
सेयर संख्या (हजारमा)	१,६५०	२,५९१	३,६९३	३,६९३	७,७५५	८,६८६	८,६८६
प्रति शेयर नेटवर्थ (रु.)	११७.६८	१११.९७	१२१.६३	१७४.३९	१२१.८५	१३१.४१	१५४.७२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१.५७%	२५.६९%	१८.४४%	२१.५२%	१२.३१%	१७.२१%	१५.०७%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					२३.५५%		

*लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था श्रेष्ठ एस् एण्ड एशोसिएट्स, नयाँ वानेश्वर, काठमाण्डौं रहेको छ ।

१३. संगठित संस्थाले गर्ने भनिएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास ११ (एघार) वर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद सेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद सेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद सेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
१०) कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१५. विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७०/०७१	१९४	१२२	१८३	८२४
०७१/०७२	मर्जर प्रक्रियामा रहेकोले कारोबार बन्द रहेको			
०७२/०७३	४८०	१६६	४८०	२४८७

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७३ आषाढ	४८०	३८०	४८०	४८९
२०७३ श्रावण	६२०	४७६	५३५	९५६
२०७३ भाद्र	६०३	४९७	५३४	३८४

द्रष्टव्यः : यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१६. शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण बेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र वित्तीय संस्थाको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण सेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

१८. आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइने छ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,
(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले सेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको सेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७३/३/३ गते सम्पन्न दशौं बार्षिक साधारण सभाबाट दश सेयर बराबर आठ शेयर (१० : ८) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद सेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद सेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंक लगायत बैंक तथा वित्तीय संस्थामा कायम गरिने मौज्दात	२,९५,४३,९००/-
२.	कर्जा तथा लगानी प्रवाह	२३,६३,५१,२००/-
३.	शाखा विस्तार	२,९५,४३,८००/-
	जम्मा	करिब रु.२९,५४,३८,९००/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यबस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२२८५०
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं	०१२९५२४६१५२१८०११

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद सेयरको लागि दरखास्त लिने कार्य कम्तिमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद सेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रहि आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ ।
२. श्री सगरमाथा फाइनान्स लि., केन्द्रीय कार्यालय, वडा नं. २०, मानभवन, ललितपुर तथा वित्तीय संस्थाको शाखा कार्यालयहरुः वडा नं. ३, गाःबहाल, ललितपुर; वडा नं. १३, दमक, झापा; वडा नं. ९, इटहरी, सुनसरी; वडा नं. ६, धरान, सुनसरी; वडा नं. १४, विराटनगर, मोरङ; वडा नं. ५, सल्लेरी, सोलुखुम्बु; वडा नं. ५, सिद्दिचरण, ओखलढुङ्गा; वडा नं. २, दिक्तेल, खोटाङ्ग र वडा नं. ७, भोजपर बजार, भोजपुर ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अधिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com र श्री सगरमाथा फाइनान्स लि. को वेवसाइट www.smb.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

२४. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वितीय संस्थाको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा गर्नुपर्ने रकम मध्ये रु.६,२४,७३,९००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

सगरमाथा फाइनान्स लिमिटेड
Sagarmatha Finance Limited
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड तथा केन्द्रीय कार्यालय : बाग्मती अञ्चल, ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका-२०, मानभवन, ललितपुर
पो.ब.नं ८९७५, इ.पि.सि. २७९०, नेपाल, फोन नं. : ५५४७८४१, ५५३५१५८ फ्याक्स नं. ५५३५४१९
E-mail: info@smb.com.np, Website : www.smb.com.np
को

मितिः २०७३ /   /

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं. ☐☐☐

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
सगरमाथा फाइनान्स लिमिटेड
मानभवन, ललितपुर, नेपाल ।

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/८/..... गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दश शेयर बराबर आठ शेयर (१० : ८) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा...............कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७३/८/...... गते सम्ममा कायम साविकको शेयर संख्या		लिन चाहेको शेयर संख्या	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		हक हस्तान्तरणबाट लिन चाहेको शेयर संख्या	
जम्मा शेयर संख्या (अंकमा)		जम्मा शेयर संख्या (अंकमा)	
अक्षरमा		अक्षरमा	

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको हितग्राही नं.			
हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.			
प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल	गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole	VDC/Municipality	
जिल्ला	P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District		Mobile/phone No.	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's Name			
पति/पत्नीको नाम			
Husband/Wife's Name			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (Incase of minor)			

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	SAGARMATHA FINANCE LIMITED				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only:
Code No. ☐☐☐
Received by:
Date:
Stamp
DP ID ☐☐☐☐☐☐☐☐
Client ID ☐☐☐☐☐☐☐☐

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com ,Website: www.niblcapital.com